## सूचना ९

श्री ५ को सरकारले मिति २०४७।१०।१६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राँकित द्वितीय श्रेणी, उप-सचिवस्तरका अधिकृत श्री विक्रमजित निरौलाले आफ्नो पदबाट दिनुभएको राजीनामा मिति २०४७।१०।१५ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
सह-सचिव

### श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०४८ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्तसम्म एक वर्ष भरिमा मन्त्रालय, विभाग, कार्यालय एवं अदालतहरूलाई देहायबमोजिमको सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छ ।

१. वर्षभरिमा शनिबार दिनहरू जम्मा दिन ५२ (बाउन्न)

| | | | |
|---|---|---|---|
| क) | वैशाख | ७, १४, २१, २८ | ४ |
| ख) | ज्येष्ठ | ४, ११, १८, २५ | ४ |
| ग) | आषाढ | १, ८, १५, २२, २९ | ५ |
| घ) | श्रावण | ४, ११, १८, २५ | ४ |
| ङ) | भाद्र | १, ८, १५, २२, २९ | ५ |
| च) | आश्विन | ५, १२, १९, २६ | ४ |
| छ) | कार्तिक | २, ९, १६, २३, ३० | ५ |
| ज) | मार्ग | ७, १४, २१, २८ | ४ |
| झ) | पौष | ६, १३, २०, २७ | ४ |
| ञ) | माघ | ४, ११, १८, २५ | ४ |
| ट) | फाल्गुण | ३, १०, १७, २४ | ४ |
| ठ) | चैत्र | १, ८, १५, २२, २९ | ५ |

२. पर्व बिदाहरू

क) नववर्ष वैशाख १ गते आइतबार । एक दिन ।

ख) मातातीर्थ औंसी वैशाख १ गते आइतबार । एक दिन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग) गुरु पूर्णिमा (गुरु दिवस) श्रावण १० गते शुक्रबार। एक दिन।

घ) ऋषितर्पणी (रक्षा बन्धन) भाद्र ६ गते आइतबार। एक दिन।

ङ) कुशेऔंसी (पिता दिवस) भाद्र २३ गते आइतबार। एक दिन।

च) छठपर्व मनाउने जिल्लाहरूलाई कार्तिक २६ गते मंगलबार। एक दिन।

छ) वसन्त पञ्चमी माघ २५ गते शनिबार। एक दिन।

ज) महाशिवरात्रि फाल्गुण १९ गते सोमबार। एक दिन।

झ) फागुपूर्णिमा देहायका जिल्लाहरूमा चैत्र ६ गते विहिबार दिन एक र अरू जिल्लाहरूमा बुधबार चैत्र ५ गते दिन एक बिदा दिइने।

जिल्लाको नाम

| | | |
|---|---|---|
| १. झापा | २. मोरङ | ३. सुनसरी |
| ४. सप्तरी | ५. उदयपुर | ६. सिरहा |
| ७. धनुषा | ८. महोत्तरी | ९. सर्लाही |
| १०. रौतहट | ११. बारा | १२. पर्सा |
| १३. मकवानपुर | १४. चितवन | १५. नवलपरासी |
| १६. रूपन्देही | १७. कपिलवस्तु | १८. दाङ |
| १९. बाँके | २०. बर्दिया | २१. सुर्खेत |
| २२. कैलाली | २३. कञ्चनपुर | |

ञ) चैत्र दशैं चैत्र २८ गते शुक्रबार। एक दिन।

ट) रामनवमी चैत्र २९ गते शनिबार। एक दिन।

३. महिला कर्मचारीहरूको लागि मात्र

क) हरितालिका (तीज) भाद्र २६ गते बुधबार। एक दिन।

ख) ऋषिपञ्चमी भाद्र २८ गते शुक्रबार। एक दिन।

ग) नारी दिवस फाल्गुण २५ गते आइतबार। आधा दिन।

४. जात्रा बिदा (उपत्यकालाई मात्र)

क) गाईजात्रा भाद्र १० गते सोमबार। एक दिन।

ख) इन्द्रजात्रा आश्विन ६ गते आइतबार। एक दिन।

ग) घोडेजात्रा चैत्र २० गते विहिबार। एक दिन।

घ) मच्छिन्द्रनाथको भोटो देखाउने। एक दिन।

४३४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दशैं बिदा

क) घटस्थापना आश्विन २२ गते मंगलबार । एक दिन ।

ख) आश्विन २९ गते मंगलबारदेखि कार्तिक ५ गते मंगलबारसम्म । दिन आठ । (फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म)

६. तिहार बिदा

क) लक्ष्मीपूजा कार्तिक १९ गते मंगलबार । एक दिन ।

ख) गोवर्धन पूजा कार्तिक २१ गते विहिबार । एक दिन ।

ग) भाइटीका कार्तिक २२ गते शुक्रबार । एक दिन ।

७. दिवस बिदा

क) संयुक्त राष्ट्र संघ दिवस कार्तिक ७ गते विहिबार तदनुसार २४ अक्टोवर १९९१ । आधा दिन ।

ख) संविधान दिवस कार्तिक २३ गते शनिबार । एक दिन ।

ग) राष्ट्रिय एकता दिवस पौष २७ गते शनिबार । एक दिन ।

घ) शहीद दिवस माघ १६ गते विहिबार । एक दिन ।

ङ) राष्ट्रिय प्रजातन्त्र दिवस फाल्गुण ७ गते बुधबार । एक दिन ।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ती सवारी होइबक्सँदा अधिराज्यभर बिदा ।

९. शुभ जन्मोत्सव बिदा

क) श्री ५ महाराजाधिराज सरकारको शुभ जन्मोत्सव पौष १४ गते आइतबार । एक दिन ।

१०. शुभ जयन्ती बिदा

क) बुद्धजयन्ती ज्येष्ठ १४ गते मंगलबार । एक दिन ।

ख) श्री कृष्णजन्माष्टमी भाद्र १६ गते आइतबार । एक दिन ।

११. हाजिर हुने र छुट्ने समय

मन्त्रालय तथा कार्यालय समयको हकमा मार्ग, पौष र माघ तीन (३) महिना (शुक्रबार बाहेक) बिहान १० बजे हाजिर भै बेलुकी ४ बजे छुट्ने र बाँकी नौ (९) महिना बिहान १० बजे हाजिर भ बेलुकी ५ बजे छुट्नेछ । उपर्युक्त बिदा नतोकिएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनको सालभरिको प्रत्येक शुक्रबारको हकमा बिहान १० बजे हाजिर भै बेलुकी ३ बजे छुट्नेछ ।

१२. रोजना काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै अस्पताल, रोपवे, टेलिफोन, प्रहरी थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण तथा प्रकाशन विभाग, आकाशवाणी र हुलाकसमेतमा माथि लेखिए बमोजिम बिदा पाउनेमा काम काज रोक्न नहुने उपर्युक्त कार्यालयहरूका निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुऱ्याएर मात्र बिदा बस्न पाइनेछ ।

द्रष्टव्यः– आधा दिन भन्नाले– मार्ग, पौष र माघ तीन (३) महिनाका निमित्त दिनको १ बजे र बाँकी नौ (९) महिनाका लागि दिनको १.३० बजेसम्म सम्झनु पर्दछ ।

आज्ञाले,
रामचन्द्र पौडेल
श्री ५ को सरकारको का.मु.सचिव

८३५



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।